धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०७ ◆ २०८३ कात्तिक १६ सोमबार ◆ Monday, November 2, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

आँबुखैरेनीमा माइक्रो दुर्घटना, चालकसहित ११ जना घाइते

❑ *प्रत्यूष समाचारदाता*

दमौली । पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ बरादीस्थित आइतबार साँझ माइक्रो दुर्घटना हुँदा चालकसहित ११ जना घाइते भएका छन् ।

मुग्लिङबाट पोखरातर्फ आउँदै गरेको बा४ख ८४१९ नम्बरको माइक्रो चालकले नियन्त्रण गुमाउँदा डाइभर्सनका लागि राखिएको सिमेन्टेड डिभाइडर मा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा स्याङ्जाको पुतलीबजार नगरपालिका-१ निवासी ३७ वर्षीय चालक भद्रबहादुर शाह, कास्कीको पोखरा महानगरपालिका-७ बस्ने ६३ वर्षीया राधादेवी बराल, ७३ वर्षीय लीलाधर बराल घाइते हुनुभएको छ। यस्तै, पर्साको सखुवा पर्सौनी बस्ने ३५ वर्षीया सपना चौधरी, कास्कीको पोखरा महानगर पालिका-१३ बस्ने ७३ वर्षीया चुनकुमारी गुरुङ, ४९ वर्षीया राधा गुरुङ, ३७ वर्षीय राजकुमार श्रेष्ठ, बागलुङको बडीगाड-७ बस्ने २५ वर्षीय विपिना विक, महोत्तरी बलवा नगरपालिका-७ बस्ने ३६ वर्षीय रुपेश मिश्र घाइते भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । यस्तै तनहुँको व्यास नगर पालिका-१ बस्ने २३ वर्षीय विकास ठकुरी, बन्दीपुर गाउँपालिका-२ बस्ने २८ वर्षीया सृजना अछामी घाइते भएका छन् । घाइतेलाई उपचारका लागि आँबुखैरेनी अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

बालक घाइते भएको घटनाको निष्पक्ष छानबिन गर्न सिजपको माग

काठमाडौं । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले बाराको फेटा गाउँपालिका-३ मा अस्पताल उद्घाटनका क्रममा भएको झडपमा प्रहरीको गोली लागेर बालक घाइते भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेको छ ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेल र महासचिव राजु घिमिरेद्वारा आइतबार जारी विज्ञप्तिमा घटना प्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै घाइते बालकको सम्पूर्ण उपचार, मनोसामाजिक परामर्श तथा पुनःस्थापनाको व्यवस्था गर्न माग गरिएको छ ।

विज्ञप्ति मा घटनाको स्वतन्त्र र पारदर्शी छानबिन, पीडितलाई उचित क्षतिपूर्ति तथा अनुसन्धान प्रक्रियामा बालमैत्री पद्धति अपनाउन आग्रह गरिएको छ । साथै सार्वजनिक कार्यक्रम र भीड नियन्त्रणका क्रममा बाल-बालिकाको सुरक्षालाई प्राथमिकता दिन तथा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय बालअधिकार परिषद्बाट घटनाको अनुगमन गर्न माग गरिएको छ ।

भद्रपुरले जित्यो अन्तरराष्ट्रिय हक्की प्रतियोगिताको उपाधि

झापा । पहिलोपटक जिल्लामा सञ्चालित 'प्रथम अन्तरराष्ट्रिय नकआउट हक्की प्रतियोगिता' को उपाधि आयोजक भद्रपुर नगर हक्की सङ्घको टिमले जितेको छ । पुहाँतु जनज्योति माविको खेल मैदानमा आइतबार सम्पन्न फाइनल खेलमा भारतको आरके रोय अफ हक्की एकाडेमी भारतलाई ४-२ गोल अन्तरले अन्तरले पराजित गर्दै भद्रपुरले उपाधि जितेको हो ।

उपाधिसँगै भद्रपुर नगर हक्की सङ्घले रु दुई लाख नगद, सिल्ड तथा मेडल प्राप्त गरेको छ भने उपविजेता भारतको आरके रोय अफ हक्की सङ्घलाई रु एक लाख नगदसहित सिल्ड तथा मेडल प्रदान गरिएको छ । प्रतियोगितामा भारतको वैशाली हक्की टिमले तेस्रो स्थान हासिल गर्दै नगद रु ५० हजारसहित सिल्ड प्राप्त गरेको छ । विजेता भद्रपुरले सेमिफाइनलमा वैशाली भारतलाई पराजित गरेको थियो भने उपविजेता आरके रोयले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको थियो । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूह मुख्य प्रायोजक भद्रपुर-८ स्थित ओमसाई पाथिभरा हस्पिटल रहेको थियो ।

विधागततर्फ फाइनल खेलको प्लेयर अफ द म्याच विजेता टिम भद्रपुरका रतन विनोदले र उच्च गोलकर्ताको पुरस्कार विजेता टोली भद्रपुरका सुदीप चौधरीले प्राप्त गरेका छन् ।

सो अवसरमा उत्कृष्ट गोलकिपर भद्रपुरकै विष्णु घिमिरे र उत्कृष्ट डिफेन्डरको पुरस्कार उपविजेता टिम आरके रोयका मोहम्मद सिद्धिकीले पाएका छन् । फेयर प्ले टिमको पुरस्कार पोखराको टिमले जित्दै नगद रु १५ हजार सहित ट्रफी प्राप्त गरेको छ ।

लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य हुँदैन : सभापति थापा

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतान्त्रिक मूल्य र मान्यता विपरीत हुने कुनै पनि गतिविधि कांग्रेसलाई स्वीकार्य नहुने बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा आइतबार आयोजित 'प्रतिपक्षको निगरानी कार्यक्रम'लाई सम्बोधन गर्नुहुँदै सभापति थापाले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकका मौलिक अधिकारलाई सम्मान गर्दै सुशासन कायम गर्न सकिने बताउनुभएको हो ।

"सरकारलाई जवाफदेही बनाउनु र लोकतान्त्रिक व्यवस्थाका आधारभूत मान्यताको संरक्षण गर्नु प्रतिपक्षको दायित्व हो, कांग्रेसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छ, लोकतन्त्र, नागरिकको मौलिक हक र प्रेस स्वतन्त्रताको विषयमा सरकारले ध्यान दिनुपर्छ, हामी सरकारलाई जवाफदेही बनाउन तथा लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणका लागि सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छौं", सभापति थापाले भन्नुभयो ।

सभापति थापाले सञ्चार माध्यममा प्रहरी परिचालन गरी पत्रकार पक्राउ गरिएको घटनालाई गम्भीर रूपमा लिनुपर्ने बताउँदै सञ्चारगृहमा प्रहरी प्रवेश हुनु सकारात्मक नभएको धारणा राख्नुभयो । सञ्चारमाध्यममा प्रहरी परिचालन र पत्रकार पक्राउको घटनाले प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक अभ्यासमाथि प्रश्न उठाएको भन्दै उहाँले त्यसमा प्रहरीका तर्फबाट आएका फरक-फरक वक्तव्य र प्रधानमन्त्रीको सचिवालयबाट सार्वजनिक गरिएका धारणाले झन अन्योल सिर्जना गरेको बताउनुभयो । सभापति थापाले घटनालाई सामान्य वक्तव्य जारी गरेर टुङ्गयाउन नहुने भन्दै त्यसको वास्तविकता सार्वजनिक गर्न सरकारसँग माग गर्नुभयो । उहाँले सरकारको अधिकार कानुनबाट निर्देशित हुनुपर्ने भन्दै राज्य सञ्चालनमा व्यक्तिगत इच्छा र आदेशलाई कानुनभन्दा माथि राख्ने प्रवृत्ति लोकतन्त्रका लागि खतरनाक हुने बताउनुभयो । कानुनी शासनमा राज्यका सबै निकाय संविधान र कानुनअनुसार सञ्चालन हुनुपर्ने उल्लेख गर्दै उहाँले शक्तिको स्वेच्छाचारी प्रयोग स्वीकार्य नहुने बताउनुभयो । "सरकारको अधिकार कानुनबाट निर्देशित हुनुपर्छ, सरकारमा बसेका व्यक्तिको इच्छा नै कानुन हो भन्ने सोच लोकतन्त्रमा स्वीकार्य हुन सक्दैन । राज्यका निकाय कसैका निजी आदेश पालना गर्ने संस्था होइनन्", सभापति थापाले भन्नुभयो । उहाँले सरकारको कामकारबाहीमा कानुनी प्रक्रिया, संस्थागत मर्यादा र नागरिक अधिकारको सम्मान अनिवार्य हुनुपर्ने बताउनुभयो ।

कानुनी शासनमा कसैले पनि कानुनभन्दा माथि रहेर काम गर्न नपाउने उल्लेख गर्दै सभापति थापाले सरकारका हरेक गतिविधि विधि र प्रक्रियासम्मत हुनुपर्नेमा जोड दिनुभयो ।

राहदानी लिन सदरमुकाम धाउनुपर्ने बाध्यता हट्यो

❑ *प्रत्यूष समाचारदाता*

पाल्पा । राहदानी लिन सदरमुकाम तानसेन पुग्नुपर्ने सोच बनाइरहेका रम्भा गाउँपालिका-का सुमित बाह्रघरेका लागि एक दिन अप्रत्याशित खुसीको खबर आयो । उहाँको घरमा अचानक हुलाकका कर्मचारी आइपुगे । उनीहरूको हातमा थियो, बाह्रघरेकै राहदानी । घरमै आमाबुवासँग बसेर राहदानी लिन एक-दुई दिनभित्रै जिल्ला प्रशासन कार्यालय जाने सल्लाह भइरहेको थियो । तर सदरमुकाम पुग्नुपर्ने झन्झट नहुँदै राहदानी घरकै दैलोमा आइपुगेपछि बाह्रघरे दङ्ग पर्नुभयो ।

"पासपोर्ट लिन जिल्ला प्रशासन जाने सल्लाह हुँदै थियो", उहाँले भन्नुभयो, "हुलाकका कर्मचारीले घरमै ल्याईदिनुभयो ।"

राहदानी लिन कार्यालयसम्म पुग्नै नपरी घरमै प्राप्त गर्न सकिन्छ भन्ने आफूले कल्पनासमेत नगरेको बाह्रघरेको भनाइ छ। सरकारी सेवा घरदैलोमै आइपुग्दा उहाँका लागि यो राहदानी प्राप्त गर्ने सहज माध्यम मात्र बनेन, राज्यबाट सेवा लिन नागरिकले भोग्दै आएको झन्झट कम भएको अनुभूति पनि बन्यो । माथागढी गाउँपालिकाका-६ का लेखबहादुर गाहाको अनुभव पनि उस्तै छ । घरमै राहदानी पाएपछि उहाँ फुरुङ्ग हुनुहुन्छ। घरमै राहदानी प्राप्त गर्दा समय र खर्च दुवै बचत भएको गाहाको भनाइ छ ।

"पहिले राहदानी लिन तानसेनमै पुग्नुपर्ने चिन्ता थियो । अहिले घरमै आएपछि निकै सजिलो भयो", गाहाले भन्नुभयो, "सरकारी सेवा यसरी घरदैलोमै पुग्दा हामीजस्ता टाढाका नागरिकलाई ठूलो राहत भएको छ ।" राहदानी बनाउन जिल्ला सदरमुकाम वा सम्बन्धित कार्यालयसम्म पुग्नुपर्ने बाध्यताका कारण ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकले थप समय र पैसा खर्च गर्नुपर्ने अवस्था थियो । घरमै राहदानी वितरण हुन थालेपछि उक्त समस्या केही हदसम्म कम भएको उहाँले सुनाउनुभयो ।

सरकारले शासकीय सुधार कार्यक्रमअन्तर्गत सुरु गरेको हुलाकमार्फत घरमै राहदानी पुऱ्याउने सेवाले बाह्रघरे र गाहा जस्ता धेरैलाई सहज भएको छ । जिल्ला प्रशासन कार्यालय पाल्पाले सेवाग्राहीको राहदानी जिल्ला हुलाक कार्यालयमार्फत घरघरमा पुऱ्याउन थालेको छ । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबिच गत वैशाखमा भएको सम्झौतापछि राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर हस्तान्तरण गर्न थालिएको हुलाक कार्यालयका प्रमुख अर्जुन चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयबाट घरदैलोमा नै राहदानी बुझ्ने दर्ता फाराम भरेका सेवा ग्राहीको राहदानी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरी सम्बन्धित सेवाग्राहीलाई डेलिभरी कार्यको सुरुआत गरेका छौं।" यस सेवाबाट जिल्ला सदरमुकामबाट टाढा रहेका सेवाग्राहीले राहदानी लिनका लागि सदरमुकामसम्म आउनुपर्ने झन्झट बाट मुक्ति मिलेको र समय तथा स्रोतको बचत पनि भएको उहाँको भनाइ छ ।

आत्मानन्द गोल्डकप आगामी मङ्सिरमा

इलाम । १९औँ संस्करणको 'आत्मानन्द गोल्डकप' अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिता आगामी मङ्सिर ९ गतेदेखि सञ्चालन हुने भएको छ ।

किरात धर्मगुरु आत्मानन्द लिङदेनको ७३औँ जन्मोत्सवको अवसरमा हुने उक्त गोल्डकपको तयारी तीव्र पारिएको आइतबार माडसेबुडमा पत्रकार सम्मेलन गरी आयोजक आत्मा-पवित्र खेलकुद समिति अध्यक्ष मनप्रसाद आङबु हाङले जानकारी दिए । पश्चिमी इलामको माडसेबुङ गाउँपालिका-५ स्थित प्रस्तावित आत्मानन्द रङ्गशालामा हुने सो प्रतियोगितामा नेपाल र भारतका आठ टोलीको सहभागिता रहने अध्यक्ष आङबु हाङले बताए ।

गोल्डकपमा नेपालबाट आयोजक आत्मा-पवित्र खेलकुद समितिसहित डिफेन्डिङ च्याम्पियन सिरिजङ्गा क्लब मोरङ, सैनिक युथ क्लब झापा, लेटाङ फुटबल क्लब मोरङ, तिजोक युवा क्लब पाँचथर, मधेसी युवा क्लब सुनसरी र माडसेबुङ गाउँपालिका सहभागी हुनेछन् । त्यसैगरी पाहुना टोलीको रुपमा भारतबाट युके एफसी कर्साङ सहभागी हुने निश्चित भएको अध्यक्ष आङबुहाङले बताए । गोल्डकपको फाइनल खेल मङ्सिर १७ गते हुनेछ । विजेताले नगद रु तीन लाख ११ हजार १७३ र उपविजेताले नगद रु दुई लाख ११ हजार १७३ पाउनेछन् । त्यस्तै विधागततर्फ सर्वाधिक गोलकर्ता, उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलकिपरलाई जनही रु आठ हजार १७३ प्रदान गरिने अध्यक्ष आङबुहाङले बताए ।

प्रतियोगितामा दर्शकका लागि बाँसको अस्थायी प्यारापिट निर्माण गरिनेछ । स्थायी प्यारापिट नभएका कारण दर्शकलाई बाँसको अस्थायी प्यारापिट निर्माण गर्न लागिएको अध्यक्ष आङबुहाङले बताए । "हामीसँग सुविधासम्पन्न खेल मैदान छैन । तर पनि बर्सेनि अन्तराष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिता आयोजना गर्दै आएका छौं", अध्यक्ष आङबुहाङले भने ।

सो अवसरमा धर्मगुरु लिङदेनको जन्मोत्सवको अवसरमा फुटबलका साथै म्याराथन, छेलो हान्ने (पक्लुङ), लट्ठा तान्ने, धनुषकाँड हान्ने, हाँडी फुटाउने, तेक्वान्दो लगायतका खेल समेत सञ्चालन हुने आयोजकले संचारकर्मीहरुलाई एक कार्यक्रमका बिच बताएको छ ।

सम्पादकीय ....

फुर्केखोलामा पन्टुन पुल : सहजताका लागि महत्वपूर्ण पहल

नेपालमा प्राकृतिक विपत्तिका कारण सडक तथा पुलमा क्षति पुग्दा नागरिकको जनजीवन प्रभावित हुने गरेको छ । विशेषगरी वर्षायाममा बाढीपहिरोले सडक र पुल बगाउँदा यातायात सेवा अवरुद्ध हुने, खाद्यान्न ढुवानीमा समस्या आउने र बिरामीलाई अस्पताल पुऱ्याउनसमेत कठिनाइ हुने गरेको छ। यस्तै समस्यालाई मध्यनजर गर्दै धादिङको फुर्केखोलामा पन्टुन पुल राख्न १३ स्थानीय तहले सहमति जनाउनु सकारात्मक र उदाहरणीय कदम हो ।

पुल विकासको आधार र जनताको जीवन सहज बनाउने महत्त्वपूर्ण पूर्वाधार हो । धादिङ जिल्लाको फुर्केखोलास्थित पुल बाढीले बगाएपछि त्यस क्षेत्रका नागरिकले आवतजावतमा कठिनाइ भोग्नुपरेको छ। सडक सञ्जाल अवरुद्ध हुँदा स्थानीय बासिन्दाको दैनिक जीवन, व्यापार व्यवसाय, कृषि उत्पादनको ढुवानी र अत्यावश्यक सेवामा समेत असर पर्न सक्छ। स्थायी पुल निर्माण नहुँदासम्म पन्टुन पुल राख्ने पहलले नागरिकलाई ठूलो राहत दिन सक्ने अपेक्षा गरिएको छ ।

पन्टुन पुल पानीमा तैरिने संरचनाको सहायतामा निर्माण गरिने अस्थायी पुल हो । आवश्यक प्राविधिक व्यवस्था मिलाएर निर्माण गरिएमा यसबाट मानिस तथा सवारीसाधन आवतजावत गर्न सक्छन् । स्थायी पुल निर्माण गर्न लामो समय लाग्ने अवस्थामा पन्टुन पुलले यातायात सञ्चालनलाई निरन्तरता दिन सहयोग पुऱ्याउन सक्छ। यसबाट स्थानीय नागरिकलाई बजारसम्म पुग्न, कृषि उपज बिक्री गर्न, खाद्यान्न तथा अन्य आवश्यक सामग्री ढुवानी गर्न सहज हुनेछ । बिरामीलाई अस्पताल पुऱ्याउन र विद्यार्थीलाई विद्यालय आवतजावत गर्न पनि सहयोग पुग्न सक्छ ।

यस पहलको अर्को महत्वपूर्ण पक्ष १३ वटा स्थानीय तहबीच भएको सहकार्य हो। कुनै एउटा स्थानीय तहलाई मात्र आर्थिक भार पर्न सक्ने अवस्थामा सबै स्थानीय तहले साझा रूपमा खर्च व्यहोर्ने सहमति गर्नु सहकार्य र सामूहिक जिम्मेवारीको उदाहरण हो । स्थानीय तहहरूबीच समन्वय, सहकार्य र स्रोतसाधनको उचित परिचालन हुन सकेमा नागरिकका साझा समस्या समाधान गर्न सकिन्छ। विकासका काममा राजनीतिक मतभेदभन्दा जनताको आवश्यकता र हितलाई प्राथमिकता दिनुपर्छ भन्ने सन्देशसमेत यस पहलले दिएको छ ।

यद्यपि, पुल निर्माणको पहल गर्नु मात्रै पर्याप्त हुँदैन। यसको निर्माण समयमै सम्पन्न गर्न, गुणस्तर कायम गर्न र खर्च पारदर्शी बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ । पन्टुन पुलमा सवारीसाधनको भार, पानीको बहाव, बाढीको जोखिम र सुरक्षासम्बन्धी मापदण्डलाई विशेष प्राथमिकता दिन आवश्यक छ। जोखिमपूर्ण अवस्थामा आवतजावत नियन्त्रण गर्ने व्यवस्था पनि मिलाउनुपर्छ ।

त्यसैगरी, अस्थायी पुललाई दीर्घकालीन समाधानका रूपमा लिनु हुँदैन । स्थायी पुल निर्माणका लागि सम्बन्धित सरकारी निकायले आवश्यक बजेट, प्राविधिक अध्ययन र निर्माण प्रक्रियालाई तीव्रता दिनुपर्छ । अस्थायी संरचनाको भरमा नागरिकलाई लामो समयसम्म राख्नु उचित हुँदैन ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

भोटेकोशी बाढी-विपद् व्यवस्थापनका लागि गम्भीर परीक्षा

श्रीराम न्यौपाने

गत भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको विनाश कारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो। नेपालको मात्र नभई विश्वकै प्राकृतिक विपद्को इतिहासमा यस विपद्लाई विशिष्ट खालको अकल्प नीय र अप्रत्यासित घटनाको रुपमा लिन सकिन्छ । झण्डै १८८ किमी प्रतिघण्टाको दरमा आएको यस बाढीमा दुई करोड घनमिटर अर्थात् २० अर्ब लिटर अतिरिक्त पानीको बहाव रहेको थियो। पानीसँग आएको लेदो, ढुङ्गा, गेग्रान, चट्टानसहित आएको बाढीले ठूलो जनधन र पूर्वाधारको क्षति गरायो । बाढीपछि नदीको सतह करिब आठ मिटर माथि उठेको छ । झण्डै ९० लेखि १५० मिटर उचाइमा आएको बाढीका कारण वरपरका बस्ती, जलविद्युत् आयोजना, सडक र कृषियोग्य जमिनमा क्षति पुगेको छ । यस घटनाले हाम्रा आगामी विकास आयोजना, बस्ती विकास र पूर्वाधार निर्माणमा धेरै कुरा सिकाएको छ ।

भोटेकोशीमा बाढी आएको खबर पाएपछि म आफैँ पनि घटनास्थल पुगेर उद्धार कार्यमा सक्रिय रहेको थिएँ। बाढीको खबर सुन्दा एउटा प्राकृतिक विपद् आएको भन्ने मात्र लागेको थियो तर घटनास्थल पुगेपछि अवस्था निकै गम्भीर रहेछ भन्ने महसुस भयो । नदीको बहाव अत्यन्त तीव्र थियो । बाटो, पुल र विभिन्न संरचनामा क्षति पुगेको थियो । कतिपय ठाउँमा पहिलेकै भौगोलिक अवस्था पहिचान गर्नसमेत कठिन थियो । त्यसभन्दा पनि गम्भीर कुरा मानिसहरू विभिन्न जलविद्युत् आयोजनाका सुरुङ र विद्युत् गृहहरुमा फसेको अवस्था थियो। परिवारका सदस्यहरू आफ्ना मान्छेको अवस्थाबारे जानकारी पाउन आतुर थिए। यस्तो अवस्थामा जनप्रतिनिधिका रूपमा त्यहाँ उपस्थित हुनु मेरो जिम्मेवारी पनि थियो । जनप्रतिनिधि जनताको दुःखमा उपस्थित हुनुपर्छ । संसद्मा बसेर नीति निर्माण गर्नु हाम्रो एउटा जिम्मेवारी हो तर जब जनता सङ्कटमा हुन्छन्, त्यतिबेला उनीहरू को बीचमा पुग्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। जहाँ आफ्नो ज्ञान, क्षमता वा पहुँचबाट सहयोग गर्न सकिन्छ, त्यहाँ सक्रिय हुनु आवश्यक छ। तर जनप्रतिनिधिले उद्धारकर्मीको काम खोस्ने होइन। सम्बन्धित सुरक्षा निकाय, प्राविधिक र विज्ञसँग समन्वय गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

विशेषगरी, जलविद्युत् आयोजनाका सुरुङमा मानिसहरू फसेको जानकारी आएपछि मैले यसलाई सामान्य राहतको विषयका रूपमा लिन सकिनँ । म आफैँ इन्जिनियर भएकाले सुरुङ निर्माण र त्यसको संरचनाबारे केही अनुभव थियो। त्यसैले आफ्नो ज्ञान र अनुभव उद्धारमा उपयोग गर्न सकिन्छ भने किन पछि हट्ने भन्ने लाग्यो । घटनास्थलमा पुगेपछि अवस्था कल्पना गरेभन्दा निकै कठिन रहेछ भन्ने बुझियो। बाढीले केही संरचना नै देखिन छाड्ने गरी क्षति पुऱ्याएको थियो । त्यसपछि उपलब्ध नक्सा, संरचनाको अवस्था, पानीको बहाव र सम्भावित पहुँच मार्गको अध्ययन गरेर उद्धारका विकल्पबारे सोच्नु पऱ्यो। उद्धारमा संलग्न सबैको एउटै उद्देश्य थियो–भित्र फसेका मानिसलाई सकुशल बाहिर निकाल्नु। यसमा सुरक्षाकर्मी, प्राविधिक र स्थानीय सर्वसाधारणले पुऱ्याएको योगदान अविस्मरणीय छ ।

सुरुङभित्र मानिसहरू फसेको घटना अत्यन्त संवेदनशील अवस्था थियो । बाहिरबाट हेर्दा एउटा संरचना क्षतिग्रस्त भएको जस्तो देखिए पनि त्यसको भित्र मानिसको जीवन जोडिएको हुन्छ। हामीले सुरुङभित्र कति मानिस छन्, उनीहरू कुन स्थानमा हुन सक्छन्, पानीको अवस्था कस्तो छ, अक्सिजनको अवस्था के छ भन्ने विषयमा एक-एक कुरा विचार गर्नुपर्थ्यो। हामीले सुरुङको अवस्था, पानीको स्तर, सम्भावित अवरोध, मानिसहरू हुनसक्ने स्थान र त्यहाँसम्म पुग्ने सम्भावित बाटोबारे सोच्नुपऱ्यो । त्यहाँ काम गर्ने कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूको अवस्था सम्झिँदा झन् दबाब महसुस हुन्थ्यो । उद्धारमा संलग्न व्यक्तिले भावनामा बगेर होइन, तथ्य र प्राविधिक आधारमा निर्णय गर्नुपर्ने हुन्छ । तर त्यसका साथमा हरेक मिनेटको महत्व पनि उत्तिकै थियो । भावनात्मक रूपमा हामी सबै उद्धार गर्न चाहन्थ्यौं, तर प्राविधिक रूपमा सुरक्षित बाटो पहिचान नगरी अघि बढ्नु अर्को जोखिम निम्त्याउनु हुन्थ्यो ।

उद्धार कार्यमा पहिलो चुनौती नै घटनास्थलसम्म सुरक्षित रूपमा पहुँच बनाउनु थियो । बाढीपछि बाटो, पुल, विद्युत् तथा सञ्चार संरचनामा समेत असर परेको थियो। अर्को चुनौती सुरुङको वास्तविक अवस्था पत्ता लगाउनु थियो । सुरुङ कहाँबाट अवरुद्ध भएको छ, पानी कति छ, भित्र हावा र अक्सिजनको अवस्था कस्तो छ भन्ने कुरा बाहिरबाट अनुमान गर्न सजिलो हुँदैन । त्यसैले हामीले उपलब्ध नक्सा, प्राविधिक उपकरण र उद्धार टोलीको अनुभवलाई जोडेर काम गर्नुपऱ्यो। त्रिशूली-३ 'ए' को सुरुङको मुख पहिचान गर्नसमेत निकै मेहनत गर्नुपरेको थियो । त्यसका लागि ड्रिलिङलगायतका काम गरेर सुरुङको अवस्थाबारे जानकारी लिने प्रयास गरिएको थियो। पछि सुरुङभित्रबाट मानिसको आवाज सुनिएको जानकारी आउँदा त्यो उद्धार टोलीका लागि निकै आशाजनक सङ्केत बनेको थियो । सुरुङ, संरचना र भूगोलसँग सम्बन्धित प्राविधिक पक्ष बुझ्न मेरो इन्जिनियरिङ अनुभवले केही सहयोग गऱ्यो । सुरुङ भनेको सामान्य संरचना होइन । त्यसको डिजाइन, भौगोलिक अवस्था, हावा जाने प्रणाली, पानीको निकास, आपत्कालीन पहुँचलगायतका विषय बुझ्नुपर्छ । सुरुङको नक्सा, संरचनाको अवस्था र सम्भावित पहुँचबारे छलफल गर्दा प्राविधिक दृष्टिकोण राख्न सक्ने अवस्था थियो। मैले विगतमा सुरुङ निर्माणसँग सम्बन्धित काम गरेको अनुभव पनि भएकाले उपलब्ध नक्सा र संरचना लाई हेरेर सम्भावित विकल्पबारे सुझाव दिन सक्ने अवस्था थियो तर उद्धार एक्लै कसैले गर्ने काम होइन। नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय प्राविधिक, आयोजनाका कर्मचारी तथा अन्य सम्बन्धित निकायको समन्वय अत्यन्त महत्वपूर्ण थियो। मेरो भूमिका जहाँ प्राविधिक ज्ञान आवश्यक पर्छ, त्यहाँ सहयोग गर्ने र सम्भव भएसम्म समाधान खोज्ने थियो। उद्धार कुनै एक व्यक्तिको प्रयासले सम्भव हुँदैन। नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय उद्धार टोली, आयोजनाका प्राविधिक र कर्मचारी सबैको समन्वय आवश्यक हुन्छ । खासगरी जलविद्युत् आयोजनाहरु नदी किनारमा नै निर्माण गरिने हुँदा बाढी, पहिरोजस्ता प्राकृतिक विपद्बाट प्रत्यक्ष प्रभावित हुने गर्दछन् । यसो भन्दैमा नेपालले जलविद्युत् विकासबाट पछि हट्नु हुँदैन तर अब विकासको शैली भने बदल्नुपर्छ। जोखिमलाई आयोजना को डिजाइनमै समेट्नुपर्छ। नदीको व्यवहार, भूगोल, जलवायु परिवर्तन का प्रभाव र सम्भावित चरम बाढीलाई ध्यानमा राखेर पूर्वाधार निर्माण गर्नुपर्छ । भोटेकोशीको घटनाले हामीलाई विकास रोक्ने होइन, अझ सुरक्षित र आधुनिक ढंगले विकास गर्नुपर्ने पाठ दिएको छ। जलविद्युत् हाम्रो ठूलो सम्भावना हो, तर त्यससँग जोडिएका जोखिमलाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन । यस विपद्बाट प्रभावित भएका सबै नै जलविद्युत् आयोजनाहरु पुनः सञ्चालनमा आउँछन् । केही आयोजनाहरुको बाँधमा क्षति पुगेको छ भने केहीको सुरुङ, केहीको विद्युत् गृहमा समस्या आएको छ। लाडटाङ र चिलिमेको विद्युत् गृहमा क्षति पुगेको छ । बाँधलाई कसरी मजबुद राख्ने भन्ने मुख्य चुनौती देखिन्छ ।

जलविद्युत् आयोजनाहरु निर्माण गर्दा जोखिमलाई बेवास्ता गर्न पनि हुँदैन । मेरो अनुभवमा अब सुरुङ निर्माण मापदण्ड नै बनाएर कार्यान्वयन गर्नुपर्छ । सकेसम्म जलविद्युत् आयोजनाहरुको संरचना भूमिगत नै बनाउनुपर्छ । विद्युत् गृहको माथिल्लो भागमा छुट्टै बङ्कर बनाएर सुरक्षित स्थान बनाउन सकिन्छ । आपत्कालीन अवस्थामा खाद्यान्न र सञ्चार प्रणालीको निर्माण गर्नुपर्ने देखिन्छ । उद्धारका लागि आपत्कालीन मेशिन उपकरणलाई तयारी अवस्थामा राख्नुपर्ने यस घटनाले महसुस गरायो । यस्ता उपकरणहरु विभिन्न आयोजनाहरुले सामूहिक रुपमा पनि गर्न सकिन्छ। मुख्य कुरा जलविद्युत् आयोजनाको बाँध वा अन्य संरचनाहरु निर्माण गर्दा भूकम्प, बाढी पहिरोजस्ता विपद्बाट सुरक्षित हुने गरी ध्यान दिनुपर्ने हुन्छ । अब आयोजनाको डिजाइनदेखि निर्माणसम्म सम्भावित चरम बाढी, भूगोल, जलवायु परिवर्तन र वातावरणीय जोखिमलाई गम्भीरतापूर्वक समेट्नुपर्छ। विकास रोक्नु समाधान होइन। सुरक्षित, दिगो र जोखिम न्यूनीकरणलाई केन्द्रमा राखेर विकास गर्नु समाधान हो ।

भोटेकोशीको बाढी केवल एउटा प्राकृतिक विपद्को घटना होइन; यो नेपालको विपद् व्यवस्थापन प्रणालीका लागि एउटा गम्भीर परीक्षा पनि हो । सबैभन्दा ठूलो पाठ भनेको विपद् आउनुअघि नै तयारी गर्नुपर्छ भन्ने हो । विपद् आएपछि मात्र उद्धारको योजना बनाउने होइन, जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँचमार्ग, सञ्चार प्रणाली र उद्धार उपकरण पहिले नै तयार हुनुपर्छ। विशेषगरी नदीको माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव वा बाढीको अवस्था देखिएमा तल्लो क्षेत्रमा तत्काल सूचना पुग्ने प्रणाली विकास गर्नुपर्छ ।

हामी अझै पनि विपद् आएपछि सक्रिय हुने शैलीमा छौं । अब यो प्रणाली बदल्नुपर्छ । विपद् आउनुअघि जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित स्थान, उद्धार उपकरण, सञ्चार प्रणाली र दक्ष जनशक्ति तयार हुनुपर्छ ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं



- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

स्थानीय जनशक्ति नभएपछि तराईका जिल्लाको भर पर्दै हेटौँडाका किसान

बागमती । कृषिप्रतिको अनिच्छा, युवाहरूको पलायनलगायत कारण बाट स्थानीय जनशक्ति कम हुँदै जान थालेपछि हेटौँडाका किसानहरू तराईको जिल्लाबाट आएका मजदुर लगाएर धान भित्र्याउने गरेका छन् ।

विगत केही वर्ष यता तराईको सर्लाही, बारालगायत जिल्लाबाट धान रोप्नेदेखि भित्र्याउने समयमा आउने मजदुरको भर पर्नुपर्ने अवस्था रहेको स्थानीयवासी बताउँछन् । हेटौँडाको कमाने, चौघडा, चुच्चेखोला, हटिया लगायतका क्षेत्रमा तराईका जिल्लाबाट आएका मजदुरले धान भित्र्याउन सहयोग गरिरहेको स्थानीयवासी श्रीप्रसाद न्यौपानेले बताउनुभयो ।

विशेष गरी धान लगाउने र भित्र्याउने समयमा सर्लाही, बारा, पर्सालगायत जिल्लाबाट आउने मजदुरले सहयोग गर्ने गरेको बताउँदै उहाँले स्थानीय जनशक्ति नहुँदा बाहिरी जिल्लाको भर पर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

तराईबाट मजदुरहरू समूह मा आउने भएकाले काम लगाउन पनि सजिलो हुने गरेको उहाँको भनाइ छ । पछिल्ला वर्षमा स्थानीय युवाहरू अधिकांश रोजगारीका लागि विदेश जान थालेपछि अझै जनशक्ति अभाव बढ्दै गएको उहाँले बताउनुभयो । “तराईबाट आउने मजदुरहरू धान भित्र्याउने समयमा करिब एक महिना बसेर काम सकेर जाने गर्दछन्”, उहाँले भन्नुभयो, “समूहमा आउने भएकाले उनीहरूलाई काम लगाउन पनि सजिलो हुने गरेको छ ।” तराईबाट आएका मजदुरले धान काट्ने, उठाउने, बोक्ने र झार्ने सबै काम गरिदिने भएकोले आँफूहरूलाई ठूलो सहयोग पुगेको अर्का स्थानीय हरि ढकालले बताउनुभयो ।

धानको काम गरेवापत समान्यत: प्रतिकट्ठा एक हजार रुपैयाँका दरले लिने गरीएको सर्लाहीका रेशम शाहले बताउनुभयो । आँफूहरू विगत केही वर्ष यता धान भित्राउने समयमा समूहमा हेटौँडा आउने गरेको बताउँदै उहाँले करिब एक महिनामा धानको काम सकिएपछि घर फर्कने गरेको जानकारी दिनुभयो ।

विपद्का घटना, १३ जना घाइते

काठमाडौँ । देशभर पछिल्लो केही दिनमा भएका ४३ वटा विपद्का घटनामा परी १३ जना घाइते भएका छन् । ती घटनाबाट तीन चौपायामा क्षति पुग्नुका साथै रु नौ लाख ४० हजार बराबरको आर्थिक क्षति भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार देशका विभिन्न स्थानमा सर्पदंश, आगलागी, बाढी, पहिरो, अविरल वर्षा, हिमपात र जनावरको आक्रमणका घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव रामबहादुर केसीका अनुसार सबैभन्दा बढी पहिरोका १७ घटना भएका छन् । त्यस्तै अविरल वर्षाका सात, आगलागी र बाढीका पाँच-पाँच, सर्पदंश र जनावरको आक्रमणका चार-चार तथा हिमपातको एउटा घटना भएका उहाँले जानकारी दिनुभयो । विपद्मा परी घाइते भएकामध्ये केहीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा पठाइएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार प्रभावित क्षेत्रमा उद्धार, राहत तथा व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको छ । विपद्का घटनाबाट भएको जन-धनको क्षतिको थप विवरण सङ्कलन गर्ने कार्यसमेत जारी छ । प्राधिकरणले सम्भावित विपद्को जोखिमबाट बच्न अनावश्यक जोखिम नलिन, आधिकारिक निकायबाट जारी सूचना तथा निर्देशन पालना गर्न र आवश्यक पूर्वतयारीमा रहन सर्वसाधारणलाई आग्रह गरेको छ ।

टीका-गोपाल राष्ट्रिय गीत संगीत पुरस्कार साहित्यकार दाहाललाई



काठमाडौँ । ‘टीका-गोपाल राष्ट्रिय गीत सङ्गीत पुरस्कार २०८३’ साहित्यकार खेमनाथ दाहाललाई प्रदान गरिने भएको छ ।

प्रतिष्ठानका अध्यक्ष गीता सिंहको अध्यक्षतामा भएको बैठकले दाहाललाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । यसअघि उक्त पुरस्कार कीर्तिमानी सङ्गीतकार सन्तोष श्रेष्ठ तथा कीर्तिमानी गीतकार डा उपाध्यायलाई प्रदान गरिएको थियो । नेपाली गीत सङ्गीत क्षेत्रको प्रवर्द्धन तथा स्रष्टालाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले गायक तथा सङ्गीतकार कन्हैया सिंहले आफ्ना मातापिताका नाममा उक्त पुरस्कार स्थापना गर्नुभएको प्रतिष्ठानले जनाएको छ ।

साहित्य, संस्कृति, दर्शन र मानवीय संवेदनाका विविध पक्षलाई सिर्जनामार्फत अभिव्यक्त गर्दै नेपाली वाङ्मयको समृद्धिमा पुऱ्याएको योगदानको कदरस्वरूप दाहाललाई सम्मान गर्न लागिएको प्रतिष्ठानले जनाएको छ । दाहालका ‘श्रद्धाञ्जली’ कविता सङ्ग्रह, ‘रश्मी’ खण्डकाव्य, ‘योद्धा’ काव्य, ‘हावर्डको चौतारीमा’ कविता सङ्ग्रह, ‘श्वेतपत्र’ महाकाव्य, ‘म त बन्दी भएको छु’ कविता सङ्ग्रह, ‘यात्राको सिँढी’ नियात्रा, ‘अहोरात्र’ उपन्यास तथा ‘सिर्जनामा दृष्टि’ भूमिका लेखन सङ्ग्रहलगायत प्रकाशित छन् । उहाँका विभिन्न गीति एल्बमसमेत प्रसारित छन् ।

कर्णालीले पदक जित्ने तयारी गरोस् : मुख्यमन्त्री शाही

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले उत्कृष्ट खेलाडी छानेर पदक जित्ने तयारीमा जुट्न कर्णाली प्रदेश खेलकुद विकास परिषद्लाई आग्रह गर्नुभएको छ ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका सम्बन्धमा बसोबास व्यवस्थापन उप समिति द्वारा आइतबार सुर्खेतको वीरेन्द्र नगरमा आयोजित छलफल कार्यक्रममा मुख्यमन्त्री शाहीले कर्णाली सामु प्रतियोगिता जटिल चुनौति र स्वर्णीम अवसर दुवै भएको बताउनुभयो । उहाँका अनुसार यसलाई सबै मिलेर चुनौतीको सामना तथा अवसरको उपयोग गर्न एकजुट भएर अगाडि बढ्नुपर्छ । मुख्यमन्त्री शाहीले भन्नुभयो, “तपाईहरु निष्पक्ष भएर राम्रा खेलाडी छनोट गर्नुस् । राम्रा प्रशिक्षक ल्याउनुस् र पदक जित्ने तयारीमा लाग्नुस्, बजेटको कुनै समस्या हुँदैन । माग भन्दा बढी बजेट दिन प्रदेश सरकार तयार छ ।” दशौँ राष्ट्रिय खेलकुदको व्यवस्थापनका लागि प्रदेश सरकार, परिषद् वा सरकारी निकायले मात्र सम्भव नभएकाले सबै सरोकार वालाको उत्तिकै सहयोग र सहकार्य जरुरी रहेको मुख्यमन्त्री शाहीले औँल्याउनुभयो । प्रतियोगिताको आयोजक सङ्घीय सरकार भए पनि कर्णाली प्रदेशमा हुने भएकाले कुनै कमीकमजोरी नहुने गरी सबै निकायबीच समन्वय हुनुपर्ने भनाइ राख्दै उहाँले अब पनि प्रतियोगिता स्थगित हुन्छ की भनेर आशंका नगर्न सबैलाई अपिल गर्नुभयो ।

छलफलमा प्रदेशका सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले कर्णाली प्रदेशले जिम्मेवारी पाएका चारवटै उपसमितिले हालसम्म सन्तोषजनक कामहरु गरेको धारणा राख्नुभयो । “बाँकी उपसमितिले के-कति काम गरिरहेका छन् । त्यसमा हाम्रो पनि चासो छ”, उहाँले भन्नुभयो, “प्रतियोगिता व्यवस्थापनको ठूलो जिम्मेवारी हाम्रो काँधमा आएकाले कुनै कसर बाँकी नराखी काम गरौं ।” उक्त छलफल कार्यक्रममा कर्णाली प्रदेश सरकारका प्रमुख सचिव राधिका अर्याल, वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकाल, प्रदेश प्रहरी प्रमुख जयराज सापकोटा, होटल व्यवसायी महासङ्घका पदमबहादुर शाही, तर्कबहादुर शाही, नेपाल पत्रकार महासङ्घका अध्यक्ष मधुवन बिसी लगायतले सुझाव दिएका थिए । प्रतियोगिता आगामी मङ्सिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशमा हुँदैछ ।

क्याथल्याबसहित मुटु रोगको उपचार सेवा आवश्यक

भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले भक्तपुरमा क्याथल्याबसहित मुटु रोगको उपचार सेवा सञ्चालन गर्न लागिरहेको बताउनुभएको छ ।

मध्यपुर्थिमि नगरपालिका स्थित नेपाल-कोरियामैत्री नगर पालिका अस्पतालको आइतबार अनुगमनका गर्दै मुख्यमन्त्री थापामगरले हृदयघातका बिरामीको ज्यान बचाउन भक्तपुरमा मुटु रोगको उपचार गर्ने अस्पताल आवश्यक रहेको बताउनुभएको हो । मुख्यमन्त्री थापामगरले नेपाल-कोरियामैत्री नगरपालिका अस्पताल लाई क्याथल्याबसहितको मुटु रोग सेवा सञ्चालन गर्न आग्रह गर्दै क्याथ ल्याब सञ्चालनका लागि प्रदेश सरकारले सहयोग गर्ने बताउनुभयो ।

सो क्रममा बोल्नुहुँदै उहाँले भन्नुभयो, “भक्तपुरमा मुटु रोगको उपचार सुरु गर्नुपर्ने अत्यावश्यक छ, त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्छ । यस अस्पतालमा क्याथ ल्याब सेवा सञ्चालन गर्नुस्, त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्छ ।”

प्रत्येक नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्ने बताउँदै उहाँले प्रत्येक नागरिकलाई सरल, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकार तथा स्वास्थ्य संस्थाको उत्तिकै दायित्व रहेको बताउनुभयो । मुख्यमन्त्री थापामगर ले अस्पतालले प्रवाह गरेका सबै सेवाको अनुगमन गर्नुका साथै बिरामीसँग भेट गरी अस्पतालले प्रवाह गरेको सेवा र सन्तुष्टीबारे जानकारी लिनु भएको थियो ।

अनुगमनमा अस्पतालका स्वास्थ्य निर्देशक डा डि के रौशनले अस्पतालले प्रवाह गरेको सबै सेवाका बारेमा मुख्यमन्त्री थापालाई जानकारी गराउनुभएको थियो । अस्पतालले विस्तार गरेको नयाँ बन्दै गरेको भवनको बारेमा जानकारी दिँदै उहाँले अस्पताललाई १०० शय्यामा विस्तार गर्नका लागि प्रदेश सरकारकाबाट अनुमति प्रदान गर्न आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, “दक्षिण कोरिया सरकारको सहयोगमा सुविधा सम्पन्न नयाँ भवन निर्माणको अन्तिम चरणमा पुगेको छ, देशभरका बिरामीको चाँप एकदमै बढ्दो छ, दैनिक एक हजारभन्दा बढी बिरामी आउँछन्, अस्पताल १०० शैयामा सञ्चालन गर्न अनमति माग गरेका छौं, अनुमति दिन आग्रह गर्दछौं ।”

अस्पतालको प्रशासन प्रमुख रुपेश श्रेष्ठले अस्पताललले पूरा गरेका सेवा र कार्य विवरणका बारेमा मुख्यमन्त्री थापामगरलाई जानकारी गराउनुभएको थियो ।

सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण

काठमाडौँ । प्रतिनिधिसभाको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले काठमाडौँ उपत्यकाको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबार यहाँ आयोजना गरेको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम मा सभापति गजुरेलले विगतका वर्षको तुलनामा उपत्यकाको ट्राफिक व्यवस्थापनमा सुधार आएको बताउनुभयो । “विगतका वर्षको तुलनामा उपत्यकामा ट्राफिक व्यवस्थापन निकै राम्रो भएको छ । सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका प्रशंसनीय छ”, उहाँले भन्नुभयो, “सडक सुरक्षा सुनिश्चित गर्न सबैले ट्राफिक नियमको पालना गर्न आवश्यक छ ।”

सभापति गजुरेलले बढ्दो सवारी चापलाई ध्यानमा राख्दै ट्राफिक व्यवस्थापनका लागि थप जनशक्ति परिचालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सुरक्षित आवागमनका लागि सम्बन्धित निकायबीच निरन्तर सहकार्य र साझा प्रतिबद्धता आवश्यक रहेको औँल्याउनुभयो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सडक सुरक्षा, ट्राफिक नियमको पालना, सवारी दुर्घटना न्यूनीकरण तथा पैदलयात्रीको सुरक्षाका लागि ट्राफिक प्रहरी अहोरात्र खटिरहेको बताउनुभयो । उहाँले ट्राफिक प्रहरी कर्मचारीले सेवामा प्रवेश गर्दा लिएको शपथअनुसार देश र नागरिकको सेवामा प्रतिबद्ध भएर काम गर्नुपर्ने उल्लेख गर्दै व्यक्तिगत रिसिवी नराखी निष्पक्ष र जिम्मेवार ढङ्गले कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । आर्थिक अनियमिततामा शून्य सहनशीलता अपनाउनुपर्ने र सरकारबाट प्राप्त सेवा सुविधाप्रति असन्तुष्टि भए वैकल्पिक बाटो रोज्न सकिने उहाँको भनाइ थियो ।

प्रमुख काफ्लेले सडक सुरक्षा अभिवृद्धि, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन तथा दुर्घटनामुक्त यातायात प्रणाली विकासका लागि जनचेतनामूलक कार्यक्रम र अन्तरक्रियालाई निरन्तरता दिइएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीले सवारी दुर्घटना कम गर्नका लागि चालक, पैदलयात्रीलगायत सबै सडक प्रयोगकर्ताले आफ्नो जिम्मेवारी पूरा गर्दै ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत ५०६ ट्राफिक प्रहरी अधिकृत तथा कर्मचारीको सहभागिता रहेको थियो ।

स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षा समावेश

चितवन । भरतपुर महानगर पालिकाले तयार गरेको स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षालाई समावेश गरेको छ । नेपालमै पहिलोपटक रक्तदान शिक्षालाई पाठ्यक्रममा समावेश गरिएको महानगरले जनाएको छ ।

महानगरपालिकाले कक्षा ६ देखि ८ सम्म अध्ययन गर्ने बालबालिकाका लागि तयार पारेको स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षालाई समावेश गरेको हो । महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख सुवास चन्द्र आचार्यका अनुसार महानगरले तयार गरेको स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षा समावेश गरिएको हो । चितवनमा धेरैजसो रगतको अभाव हुने भएकाले रक्तदान गर्न प्रेरणा दिनेगरी विपद् भन्ने पाठ्य क्षेत्रमा रक्तदानलाई समेटिएको उहाँले जानकारी दिनुभयो । बालबालिकामा मानवता, सेवाभाव र रक्तदानप्रतिको सकारात्मक सोच विकास गर्न यो शिक्षा महत्वपूर्ण हुने प्रमुख आचार्यले बताउनुभयो ।

सो अवसरमा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले रक्तदानको आवश्यकता, महत्व र मानवीयताका दृष्टिले स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षा समेटीएको बताउनुभयो । त्यसैगरी सोही अवसरमा चिकित्सक र शिक्षाविद्को परामर्शका माध्यमबाट पाठ्यक्रममा स्थान दिइएको उहाँले जानकारी दिनुभयो । भरतपुरमा सङ्घीय अस्पताल भरतपुर अस्पताल, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, दुई ठूला मेडिकल कलेज, २० भन्दाबढी निजी अस्पताल छन् । यहाँ क्यान्सर, प्रसूति र दुर्घटनाका बिरामीलाई धेरै रगत आवश्यकपर्ने गर्दछ । वर्षभरी नै रगतको अभाव हुने भएपछि रक्तदानका लागि उत्प्रेरणा गर्न स्थानीय पाठ्यक्रममा नै यसको महत्व समावेश गरिएको कार्यवाहक प्रमुख अधिकारीले बताउनुभयो ।

जिल्लामा दैनिक १५० युनिट हाराहारी रगत माग हुने गरेको छ । रगत अभावका कारण बिरामीले रक्तदाता खोजेर रगत सङ्कलन गर्नुपर्ने बाध्यता हुने गरेको छ । नेपालमै पहिलोपटक रक्तदान शिक्षालाई पाठ्यक्रममा समावेश गरिएको महानगरले जनाएको छ । महानगरपालिकाभित्र सामुदायिक विद्यालय १११ वटा र संस्थागत विद्यालय ९७ वटा रहेका छन् । ती विद्यालयमध्ये निम्न माध्यमिक तह अध्ययन गराउने सामुदायिकतर्फ ७४ र संस्थागततर्फ ८० वटा विद्यालय रहेको उहाँले जानकारी दिनुभयो ।

सो विद्यालयका निम्न माध्यमिक तहमा अध्ययन गर्ने २५ हजारभन्दा बढी विद्यार्थी छन् ।

पार्टीलाई जनतासँग जोडेर रूपान्तरण गर्नुपर्ने

ललितपुर । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की नेतृ पम्फा भुसालले जनताको समस्या समाधानमा सक्रिय हुँदै पार्टीलाई जनतासँग जोडेर रूपान्तरण गर्नुपर्ने बताउनु भएको छ। पार्टीको ललितपुर जिल्ला समितिले आइतबार महालक्ष्मीस्थान मा आयोजना गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "परिवर्तनको सुरुआत आफैँबाट गर्नुपर्छ, पार्टीका विभिन्न मोर्चालाई जनसेवा र जनश्रमसँग जोड्नुपर्छ।" जनताको स्थानीय समस्या सङ्कलन गरी सम्बन्धित निकायसम्म पुर्याएर समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो । जनताले स्थानीय स्तरमा पार्टीप्रति व्यक्त गर्ने धारणा र सुझावलाई आत्मसात् गर्दै कमजोरी सच्याउनुपर्ने उहाँको भनाइ थियो। कार्यक्रममा ललितपुर महानगरका संयोजक रवीन्द्र महर्जनले जनसरोकारका विषय, सम्पदा क्षेत्रको संरक्षण र सरसफाइ मा श्रमदानका लागि पहल भइरहेको बताउनुभयो। कार्यक्रममा महालक्ष्मी नगरपालिकाका संयोजक राजेन्द्र अमात्य, गोदावरी नगरपालिकाका संयोजक भाग्यराम महर्जन र बागमती गाउँपालिकाका संयोजक बेलबहादुर लामाले पार्टीलाई जनताको हितमा काम गर्ने सङ्गठनका रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

मन्त्री पोखरेल र मुख्यमन्त्री शाहीबीच छलफल

सुर्खेत । आगामी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीलाई थप तीव्रता दिने र व्यवस्थित बनाउने उद्देश्यले शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले कर्णाली प्रदेशका मुख्यमन्त्री र सामाजिक विकास मन्त्रीसँग सुर्खेतमा छलफल गर्नुभएको छ ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजनास्थल रहेको कर्णाली प्रदेशमा खेलकुद पूर्वाधार निर्माण, व्यवस्थापन र अन्य आवश्यक तयारीका सन्दर्भमा सो छलफल केन्द्रित रहेको हो। सुर्खेतमा सम्पन्न उक्त भेटमा शिक्षा तथा खेलकुदमन्त्री पोखरेल, कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाही र सामाजिक विकासमन्त्री जीतबहादुर मल्लबीच प्रतियोगिता लाई भव्य र ऐतिहासिक रूपमा सफल पार्न सङ्घीय र प्रदेश सरकारबीच हुनुपर्ने समन्वय, पूर्वाधारको अवस्थालगायत विषयमा छलफल भएको हो ।

छलफलका क्रममा मन्त्री पोखरेलले तोकिएकै समयमा प्रतियोगिता सम्पन्न गर्न मन्त्रालय ले सबैपक्षसँग सहकार्य गरिरहेको बताउँदै कर्णाली प्रदेशमा खेलकुद पूर्वाधारको विकास र व्यवस्थापन मा सङ्घीय सरकारकोतर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

त्यस्तै, मुख्यमन्त्री शाही र सामाजिक विकासमन्त्री मल्लले दशौँ राष्ट्रिय खेलकुदलाई सफल बनाउन प्रदेश सरकार पूर्ण रूपमा लागिपरेको जानकारी गराउँदै आवश्यक तयारी अन्तिम चरणमा पुगेको बताउनु भएको थियो ।

मन्त्री पोखरेल दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी, पूर्वाधार निरीक्षण तथा सरोकार वालासँगको समन्वयका लागि हाल सुर्खेत भ्रमणमा हुनुहुन्छ ।

गृहमन्त्री गुरुङसँग रास्वपा नेता र स्थानीयको छलफल

दमौली । गृहमन्त्री सुधन गुरुङले तनहुँको आबुखैरेनीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा स्थानीयसँग समसामयिक विषयमा छलफल गर्नुभएको छ । आइतबार भएको छलफलमा स्थानीयका समस्या, जिल्लाको शान्तिसुरक्षा, अनलाइन ठगी तथा विपद्मा परेका नागरिकका विषयमा कुराकानी भएको रास्वपा नेता वासु पन्तले जानकारी दिनुभयो ।

सो छलफलका क्रममा स्थानीयले भोगिरहेका विभिन्न समस्या र समसामयिक विषयबारे गृहमन्त्री गुरुङको ध्यानाकर्षण गराइएको थियो । विशेषगरी भोटेकोशी बाढीमा बेपत्ता भएका हरूका परिवारले सरकारका तर्फबाट भइरहेका काम तथा पीडित परिवारका लागि चालिएका कदमबारे जिज्ञासा राखेका थिए । विपद्मा परेका परिवारको अवस्था र उनीहरूका समस्याबारे स्थानीय हरुले सो सम्बन्धमा चासो समेत व्यक्त गरेका थिए ।

त्यस्तै, तनहुँ जिल्लाको शान्तिसुरक्षाको अवस्था र पछिल्लो समय बढ्दो अनलाइन ठगीका विषयमा गृहमन्त्री गुरुङलाई जानकारी गराइएको थियो । अनलाइन माध्यमबाट हुने ठगीका घटनाले सर्वसाधारणलाई पार्नसक्ने असर तथा यस्ता गतिविधि नियन्त्रण गर्न आवश्यक कदमबारे सो क्रममा छलफल भएको पन्तले बताउनुभयो ।

छलफलका क्रममा आबु खैरेनीमा गत चैतमा करेन्ट लागेर हात काट्नुपरेका एक व्यक्तिले हालसम्म राहत नपाएको गुनासो उठेको थियो । दुर्घटनाका कारण शारीरिक क्षति व्यहोर्नुपरेको अवस्थामा पनि राहत नपाएको विषय गृहमन्त्री गुरुङसमक्ष प्रस्तुत भएपछि उहाँले तत्काल चासो देखाउनुभएको थियो ।

गृहमन्त्री गुरुङले उक्त विषयमा सम्बन्धित निकायबाट आवश्यक पहल गर्न प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर राहत उपलब्ध गराउने प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिनुभएको थियो । पीडितले राहत नपाएको गुनासो पछि गृहमन्त्री गुरुङले सम्बन्धित प्रशासनिक अधिकारीलाई नै सम्पर्क गरी प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको हो ।

एनपिएलः पोखरा एभेन्जर्सविरुद्ध जनकपुर बोल्ट्सको जित

काठमाडौं । काठमाडौंमा जारी तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगिता मा जनकपुर बोल्ट्सले लगातार दोस्रो जित निकालेको छ ।

दोस्रो जित दर्ता गर्नेक्रममा जनकपुर बोल्ट्सले आइतबार सम्पन्न खेलमा पोखरा एभेन्जर्सलाई नौ रनले हरायो ।

सो खेलमा पोखराले भने प्रतियोगितामा हारको शृङ्खला तोड्न सकेको छैन । पोखरा पहिलो खेलमा सुदूरपश्चिम रोयल्ससँग पनि पराजित भएको थियो । आफ्नो दोस्रो खेलमा जनकपुरबाट प्राप्त १४८ रनको लक्ष्य पछ्याएको पोखराले निर्धारित २० ओभरमा नौ गुमाएर १३८ रन बनायो । पोखराका लागि कुशल भूर्तेलले २४ बलमा पाँच चौकासहित सर्वाधिक ३५ रन बनाए । यस्तै, विपिन आचार्यले २०, विपिन खत्रीले अविजित १७ र किरण ठगुन्नाले १५ रन बनाए । बाँकी ब्याटरले भने दोहोरो अङ्कमा पनि रन जोड्न सकेनन् ।

उक्त खेलको बलिङतर्फ जनकपुर बोल्ट्सका लागि मोइन अलीले चार ओभरमा एक मेडन सहित १३ रन दिएर सर्वाधिक तीन विकेट लिए । यस्तै, हरमित सिंह र सैफ हसनले समान दुई-दुई तथा जिमी निशम र ललितनारायण राजवंशीले एक-एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १४७ रन बनायो । जनकपुरका लागि प्रारम्भिक ब्याटर तृतराज दासले अर्धशतकीय इनिङ खेले । उनले ५५ बलमा सात चौका र दुई छक्काको मद्दतमा ६१ रनको इनिङ खेलेका हुन् ।

जारी एनपिएल करिअरमा तृतराजको यो पहिलो अर्धशतक हो । यस्तै, मोइन अलीले १६ बलमा तीन चौका र एक छक्कासहित २१ रन बनाए ।

अविजित रहेका अभिषेक तिवारीले १० बलमा २ छक्का र १ चौकासहित २४ रनको उत्कृष्ट पारी खेले । जिमी निशम ११ रनमा आउट भए ।

बलिङ तर्फ पोखरा एभेन्जस का लागि शाकिब अल हसनले चार ओभरमा १५ रन दिएर सर्वाधिक तीन विकेट लिए । यस्तै, चमिका करुणारत्नेले दुई, मेहदी हसन र मोहम्मद सैफउद्दिनले समान एक-एक विकेट हात पारे । आइतबारको जितपछि जनकपुर अङ्क तालिकाको दोस्रो स्थानमा उक्लिएको छ । उसले तीन खेलबाट चार अङ्क जोडेको छ । अङ्कविहीन पोखरा भने तालिकाको पुछारमा रहेको छ ।

सगरमाथा क्लबलाई अन्तरराष्ट्रिय स्वीमिङ च्याम्पियनसीपको उपाधि

बाँके । तेस्रो नेपालगञ्ज अन्तराष्ट्रिय स्वीमिङ च्याम्पियनसीपको उपाधि ललितपुरको सगरमाथा स्वीमिङ क्लबले जितेको छ । नेपाल पौडी सङ्घको प्राविधिक सहयोगमा नेपालगन्ज स्वीमिङ क्लबको आयोजनामा भएको दुईदिने प्रतियोगितामा सगरमाथाले ४२९ अङ्क ल्याएर प्रथम भएको हो ।

सो क्रममा नेपालगञ्ज स्वीमिङ क्लबले यसअघि आयोजना गरेको 'दोस्रो नेपालगञ्ज राष्ट्रिय पौडी प्रतियोगिता'को उपाधि पनि सगरमाथा स्वीमिङ क्लब विजेता हो । प्रतियोगितामा नयाँदिल्ली, भारतको इलाइट स्वीमिङ एकेडेमीले १७४ अङ्क ल्याएर दोस्रो भएको हो । त्यसैगरी कोहलपुर, बाँकेको शिखा एकेडेमीले ९५ अङ्क ल्याएर तेस्रो भएको छ ।

त्यसैगरी ललितपुरको जेम्स स्कुल ५९ अङ्कसहित चौथो, भारतको लखनऊको ला मार्टिनेयर गर्ल्स कलेज ३३ अङ्कसहित पाँचौं, कोशी प्रदेश २३ अङ्कसहित छैटौं र १८ अङ्क ल्याएर रातो बङ्गाल स्कुल, ललितपुर सातौं भएको छ ।

प्रतियोगितामा पुरुष र महिलातर्फका सर्वोत्कृष्ट खेलाडी सगरमाथा स्वीमिङ क्लबका भएका छन् ।

सात वटा स्वर्ण जितेर पुरुषतर्फ निभान समन अवाले र १० वटा स्वर्ण जितेर राइजा अवाले महिलातर्फ सर्वोत्कृष्ट खेलाडी भएका हुन् । सर्वोत्कृष्ट खेलाडीलाई जनही रु पाँच हजार पाँच ५५५ प्रदान गरिएको थियो । आयोजकले अण्डर-८ का खेलाडी कौतिक शर्मा (रातो बङ्गाल स्कुल, ललितपुर) र विधि नेपाल (मेम्पल क्यानेडियन स्कुल) लाई इमर्जिङ खेलाडीका रूपमा सम्मान गरेको थियो । विजेता खेलाडीलाई प्रदेश खेलकुद परिषद्, लुम्बिनीका सदस्यसचिव तिरणराज गौतम, नेपाल पौडी सङ्घका अध्यक्ष जगत मान श्रेष्ठ, महासचिव ईश्वरकुमार कार्की, प्रतियोगिताको स्क्रिन पार्टनर 'डर्मा अर्थ'का जीवन धमला, नेपालगञ्ज स्वीमिङ क्लबका अध्यक्ष केशवराज न्यौपाने, इभेन्ट डाइरेक्टर तथा क्लबका वरिष्ठ उपाध्यक्ष सूर्यमणि अधिकारी लगायतले ट्रफी, मेडल, प्रमाणपत्र र पुरस्कार वितरण गरेका छन् ।

अण्डर-८ देखि अण्डर-१७ तथा ओपन अर्थात् १७ वर्षभन्दा बढी उमेरका खेलाडीबीच पौडीका फ्रिस्टाइल, ब्रेस्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाई, रिले र व्यक्तिगत मेड्ले गरी छ छुट्टाछुट्टै विधाका ८० वटा इभेन्टमा प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा नेपालका सबै प्रदेशका साथै भारतको नयाँदिल्ली र लखनऊबाट गरी करिब १५० जना खेलाडी सहभागी भएका थिए ।

धनुषाको महेन्द्रनगरमा निर्माण भएको अकाशे पुल सञ्चालनको तयारीमा

धनुषा । जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगर पालिकास्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुल सम्पन्न भएका छन् । निर्माण सम्पन्न भएसँगै रङरोगन तथा सौन्दर्यकरणको काम भइरहेकाले यथाशीघ्र सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने गरी तयारी गरिएको हो ।

मधेस प्रदेशमा पहिलो पटक बनाइएका गरिएका यी दुई आकाशे पुल पैदलयात्रुको आवागमन लाई सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरधामले जनाएको छ । सडकमा पैदलयात्रुको अत्यधिक चाप हुने क्षीरेश्वरनाथ-५ स्थित महिला विकास चोक, सखुवा चोक र लक्ष्मनियाँ गाउँपालिकामा करिब रु १० करोड ५० लाखको लागतमा तीन वटा आकाशे पुल निर्माणको योजना अघि बढाइएको थियो । तीमध्ये महेन्द्रनगरका दुई वटा पुलको निर्माण सम्पन्न भइसकेको सडक डिभिजन कार्यालय का प्रमुख डिभिजनल इञ्जिनियर दरोगाप्रसाद साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार सोही सडकखण्ड अन्तर्गत लक्ष्मीनियाँ गाउँपालिकामा निर्माण भइरहेको तेस्रो पुलको काम पनि तीव्र गतिमा अघि बढेको छ। उक्त पुलको निर्माण मङ्सिर मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो। दुई फरक निर्माण कम्पनीमार्फत पुल निर्माण भइरहेको कार्यालयले जनाएको छ । सडक डिभिजन कार्यालयका स्थलगत इञ्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक आकाशे पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर रहेको छ। पुल सञ्चालनमा आएपछि पैदलयात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने बाध्यता अन्त्य हुने उहाँले बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख एवं प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले आकाशे पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभयो । पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौँ पैदलयात्रुको आवागमन हुने बताउँदै उहाँले पुलको प्रयोगले पैदलयात्रुलाई सुरक्षित रूपमा सडक वारपार गर्न सहज हुने उल्लेख गर्नुभयो ।

स्थानीय बासिन्दाले पनि आकाशे पुल निर्माणलाई सकारात्मक रूपमा लिएका छन् । क्षीरेश्वरनाथ बहुमुखी क्याम्पसका प्राचार्यसमेत रहनुभएका स्थानीय शम्भुप्रसाद यादवले महिला विकास चोक र सखुवा चोक आसपास हाटबजार, शैक्षिक संस्था तथा बस्ती रहेकाले यसअघि सडक पार गर्न निकै जोखिम हुने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो क्षेत्रमा हाटबजार र विद्यालय सडक आसपासमा अवस्थित छन् । पहिले सडक पार गर्दा निकै जोखिम थियो। अब पुल सञ्चालनमा आएपछि विशेषगरी बालबालिका, विद्यार्थी र ज्येष्ठ नागरिकलाई राहत हुने विश्वास छ।" जनकपुरधाम-ढल्केवर छ लेन सडक मधेस प्रदेशको प्रमुख व्यापारिक तथा यातायात मार्गका रूपमा मानिन्छ । दैनिक हजारौँ सवारीसाधन आवतजावत गर्ने र घनाबस्ती तथा व्यापारिक क्षेत्र हुँदै जाने यस सडकमा पैदल यात्रुको सुरक्षालाई चुनौतीका रूपमा लिइँदै आइएको छ । आकाशे पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम कम हुनुका साथै पैदलयात्रुको आवागमन व्यवस्थित हुने र व्यस्त सडकमा सवारी साधनको निर्बाध आवागमनमा सहजता आउने अपेक्षा गरिएको छ ।

पोलियो पूर्ण उन्मूलन गर्ने उद्देश्यले वीरगञ्जमा जनचेतनामूलक र्‍याली

वीरगञ्ज । पोलियोको पूर्ण उन्मूलन गर्ने उद्देश्यले विभिन्न सङ्घसंस्थाले आइतबार (हिजो) वीरगञ्जमा जनचेतनामूलक र्‍यालीको आयोजना गरेका छन्। पोलियोको पूर्ण उन्मूलन गर्न पोलियो उन्मूलन सम्बन्धी सन्देश प्रवाह गर्ने उद्देश्यले रोटरी क्लब अफ वीरगञ्ज, रोटरी क्लब अफ वीरगञ्ज मेट्रोपोलिसलगायत सङ्घसंस्थाद्वारा आयोजित र्‍याली भारतसँगको सीमावर्ती क्षेत्र रक्सौलको मितेरी पुलसम्म पुगेर कोणसभामा परिणत भएको थियो। कात्तिक ७ गतेदेखि सुरु भएको पोलियो अन्त्य सप्ताहको समापनको अवसरमा आयोजित र्‍यालीमा सहभागीहरूले ब्यानरसहित 'इन्ड पोलियो नाओ' लेखिएको टिसर्ट लगाएका थिए । र्‍यालीमा साइकल, मोटरसाइकल, स्कुटी तथा चारपाङ्गे सवारीसाधनसहित रोट्र्याक्ट क्लब, इन्ट्र्याक्ट क्लब तथा इनर ह्विलका सदस्यहरूको उपस्थिति थियो । रोटरी क्लब अफ वीरगञ्ज का अध्यक्ष रोटरियन राकेश मिश्रले मुख्यतया बालबालिकालाई पोलियो बाट सुरक्षित राख्दै नियमित खोपको महत्वबारे सबैलाई जानकारी गराउने उद्देश्यले जनचेतनामूलक कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । पोलियो रोगलाई विश्वभरबाटै पूर्ण रूपमा समाप्त गर्नुपर्ने भन्दै उहाँले यसका लागि सचेतना जगाउनु जरुरी छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com